**गोकुलगंगा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रस्नालु, रामेछाप**
**३ नं. प्रदेश, नेपाल**

# मौजुदा सूची (स्टाण्डिङ्ग लिष्ट) दर्ता गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५/०६/१५**

यस कार्यालयलाई आ.व. २०७५/०७६ को लागि आवश्यक पर्ने तपसिलका सामान तथा सेवाहरु आपूर्ति गराउन चाहने इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूचि (स्टाण्डिङ्ग लिष्ट) दर्ताको लागि निम्न ढाँचामा रु. १०/- को टिकट टाँसी देहाय बमोजिमका कागजात संलग्न गरी रित पूर्वकको दरखास्त यस कार्यालयमा दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**कामको विवरण**

१. कार्यालय सामान, मसलन्द र अन्य सामान आपूर्ति कार्य ।
२. छपाई तथा कम्प्युटर टाइपिङ्ग सम्बन्धी कार्य ।
३. सवारी साधनको आपुर्ति सम्बन्धी कार्य ।
४. पुस्तकालयका लागि पुस्तक आपुर्ति सम्बन्धी कार्य ।
५. सवारी साधनको पार्टपुर्जा आपुर्ति तथा मर्मत सम्बन्धी कार्य ।
६. फर्निचर एवं फर्निसिङ्ग सम्बन्धी सामान आपुर्ति तथा मर्मत कार्य ।
७. स्क्यानर, कम्प्यूटर, फोटोकपी मेशिन, फ्याक्स मेशिन, प्रिन्टर जस्ता उपकरणको आपुर्ति र पार्टस तथा मर्मत सम्बन्धी कार्य ।
८. नेटवर्किङ्ग तथा सफ्टवेयर लगायतका कार्य ।
९. पत्रपत्रिका आपुर्ति सम्बन्धी कार्य ।
१०. इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सामान आपुर्ति तथा मर्मत सम्बन्धी कार्य ।
११. निर्माण कार्य सँग सम्बन्धित मर्मत सुधार, सम्भाव्यता अध्ययन, सर्वेक्षण डिजाइन, वातावरण परिक्षण (IEE/EIA) तथा सो सम्बन्धी सामाग्रीको आपुर्ति सम्बन्धी कार्य ।
१२. विज्ञापन तथा सूचना प्रकाशन तथा प्रसारण सम्बन्धी कार्य ।
१३. फोटो, भिडियो, डकुमेन्ट्री तथा पार्श्व चित्र निर्माण सम्बन्धी कार्य ।
१४. कानुन सँग सम्बन्धित परामर्श सेवा तथा अनुसन्धानको कार्य ।
१५. गाडी चलाउन सिकाउने (ड्राइभिङ्ग इस्टिच्युट) सम्बन्धी कार्य ।
१६. हवाई तथा अन्य (ट्राभल एजेन्सी) सम्बन्धी कार्य ।
१७. कार्यक्रम व्यवस्थापन (Event Management)
१८. विद्युतीय सरसामान र वाइरिङ्गका कार्यहरु ।
१९. सौर्य उर्जा तथा अन्य वैकल्पिक उर्जा सम्बन्धी कार्य ।
२०. विभिन्न निर्देशिका, कार्य योजना, गुरु योजना, कार्यविधी तर्जुमा र विकास सम्बन्धी कार्य ।
२१. मानिस तथा पशुपंक्षीको औषधी तथा स्वास्थ्य उपकरण, सामाग्री आपुर्ति सम्बन्धी कार्य ।
२२. इन्टरनेट जडान तथा मर्मत ।
२३. कृषि सामग्री, यन्त्र उपकरण, विउविजन आपूर्ति सम्बन्धी कार्य ।
२४. माथि उल्लेख नभएका तर कार्यालयले आवश्यक ठानेका अन्य सेवा तथा वस्तु र मालसामानहरु ।

**दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

१. फर्म वा कम्पनी दर्ता प्रमाणपत्र
२. व्यवसाय दर्ता प्रमाणपत्र
३. स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र
४. मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्र
५. २०७३/०७४ सम्मको करचुक्ता प्रमाणपत्र
६. सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को उपनियम (१) सँग सम्बन्धित अनुसुची २ (क) अनुसूची मौजुदा सूचीमा दर्ता हुनका लागि दिइने निवेदनको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

यो सूचना कार्यालयको बेवसाईट www.gokulgangamun.gov.np मा पनि हेर्न सकिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**